JOIN IELTS CLASSES
MORNING | DAY | EVENING
APPLY TO STUDY IN AUSTRALIA & NEW ZEALAND
BEACON Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ३० गते सोमबार ❑ 12 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कांग्रेसले सदस्यताको म्याद पुन: थप्दै

**रासस**
**काठमाडौं, २९ चैत**

नेपाली कांग्रेसले आसन्न १४औं महाधिवेशनको सन्दर्भमा पार्टीको क्रियाशील सदस्यताको विवरण केन्द्रमा बुझाउने समयावधि पुनः थप्ने तयारी गरेको छ।

यसअघि जिल्ला कार्यसमितिले नयाँ क्रियाशील सदस्यता र नवीकरण सूचीको विवरण केन्द्रमा पठाउने अवधि पटकपटक थप्दै आएको कांग्रेसमा सो समयावधि पुनः थप्नुपर्ने बाध्यता देखिएको छ । हालको कार्यतालिकाअनुसार जिल्लाले नयाँ क्रियाशील सदस्यता र नवीकरणको सूची केन्द्रमा पठाउने अवधि यही चैत ३० गतेसम्म तोकिएको छ। आइतबार साँझसम्म नयाँ र नवीरकण गरी करिब साढे पाँच लाख क्रियाशील सदस्यता मात्र पार्टीको वेभसाइटमा अपलोड भएको कांग्रेस केन्द्रीय कार्यालयका सचिव केशव रिजालले जानकारी दिए। यसमा विदेशस्थित पार्टीका जनसम्पर्क समितिका क्रियाशील सदस्यता विवरण भने समावेश छैन। त्यस्तै पाँच जिल्लाको क्रियाशील सदस्यता सम्पूर्ण विवरण नै अपलोड हुन बाँकी छ।

पार्टीका पदाधिकारी र पूर्वपदाधिकारीको आज बसेको अनौपचारिक बैठकमा पनि क्रियाशील सदस्यता विवरण बुझाउने म्याद कम्तीमा १० दिन थप्नुपर्ने सम्बन्धमा छलफल भएको बताइएको छ । कांग्रेसले आसन्न महाधिवेशन र समसामयिक राजनीतिक विषयमा छलफलमा गर्न केन्द्रीय समिति बैठक सोमबार बोलाएको छ । कांग्रेसको १३औं महाधिवेशनमा करिब चार लाख ९० हजार क्रियाशील सदस्यता रहेकामा आसन्न १४औं महाधिवेशनसम्म शतप्रतिशत थपेर दोब्बर पुऱ्याउने लक्ष्य रहेको उनले जानकारी दिए। कांग्रेसले क्रियाशील सदस्यताको विवरणलाई व्यवस्थित बनाउन सबै जिल्ला कार्य समितिलाई पार्टीको वेभसाइटमा अपलोड गर्ने व्यवस्था गरेको छ। कांग्रेसको नियमावली बमोजिम क्रियाशील सदस्यता नवीकरण शुल्क रु २०० छ भने नयाँ क्रियाशील सदस्यता आवेदन शुल्क रु ३०० रहेको छ। कांग्रेसले पार्टीको गाउँ/नगर वडा अधिवेशन विसं २०७८ असार २० गते, गाउँ/नगरपालिका अधिवेशन आगामी असार २२ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असार २५ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन आगामी असार २७ गते तोकेको छ।

यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन आगामी असार ३० गते, प्रदेश अधिवेशन आगामी साउन ६ गते र केन्द्रीय महाधिवेशन आगामी भदौ ७ देखि १० गतेसम्म काठमाडौं गर्ने तालिका निर्धारण गरेको छ।

## गण्डकी प्रदेश स्तरीय फोटो प्रतियोगितामा प्रेम सहित ५ जना पुरस्कृत

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

गण्डकी प्रदेश स्तरिय फोटो प्रतियोगितामा फोटो पत्रकार प्रेम थापा सहित उत्कृष्ट ५ जना पुरस्कृत भएका छन्।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयले आयोजना गरेको उक्त प्रतियोगितामा ४ सय ९५ फोटो मध्य उनीहरुलाई सर्वोत्कृष्टको रुपमा पुरस्कृत गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले बताए। पुरस्कृत हुनेहरुमा फोटो पत्रकार थापा सहित तनहुँका प्रेयजंग आले मगर, पोखराका किरण अधिकारी, नेपाली सेनाका क्याप्टेन विजय गौतम र काठमाण्डौंका सिरिस वि.सी. रहेका छन्। उनीहरुलाईं आइतबार पोखरामा आयोजित एक समारोहका बिच नगद जनही ८ हजार



५ सय सहित सम्मान पत्रको साथमा सम्मान गरिएको भण्डारीले जनाए।

प्रतियोगितामा ४ सय ९५ वटा विभिन्न पर्यटकीय गन्तव्य सहितका सांस्कृतिक भेषभुष सहितको तष्विर प्राप्त भएको उनले जनाए । बोर्डले आवश्यकताको आधारमा उक्त तष्विर प्रयोग हुने भएको प्रमुख भण्डारीले जनाए। संकलित फोटोहरु फोटो पत्रकार संघ कास्कीका अध्यक्ष राम गुरुङ, पोखरा पर्यटन परिषदका महासचिव रामचन्द्र शर्मा र पर्यटन बोर्डका अधिकृत बिमल कडेंल सहितको तीन सदस्य प्रतिभा छनौट समितिले ४ सय ९५ वटा फोटोबाट ५ जनालाई उत्कृष्ट फोटोको रुपमा छनौट गरेको हो । उक्त फोटो प्रतियोगिताले यस प्रदेशका सम्भावना भएका पर्यटकीय गन्तव्यहरुको पहिचान संरक्षण गर्नुपर्ने सन्देस दिएको परिषदका महासचिव शर्माले बताए । शव्दले उल्लेख गर्न नसकिने हजारौं कुरा एउटा तष्विरले प्रष्ट पार्ने भएकोले फोटोको महत्व धैरै रहेको फोटो पत्रकार संघ कास्कीका अध्यक्ष गुरुङले जनाए।

## संसदीय प्रणाली जोगाउने कांग्रेसको दायित्व : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, २९ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संसदीय प्रणाली जोगाउने कांग्रेसको दायित्व भएको बताएका छन्।

तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा आज आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा वरिष्ठ नेता पौडेलले संसदीयप्रणालीविरुद्धराष्ट्रिय/अन्तर ाष्ट्रिय रुपमा षड्यन्त्र भइरहेको त्यसलाई बचाउन सबै लाग्नुपर्ने बेला आएको बताएका छन्। कांग्रेस ७० वर्षदेखि संसदीय प्रणालीको पक्षमा लडेको स्मरण गर्दै वरिष्ठ नेता पौडेलले भने, "आज त्यही प्रणाली जोगाउने प्रमुख सबाल हो, त्यसका लागि सबैले प्रयत्न गर्नुपर्छ।" वरिष्ठ नेता पौडेलले सत्ताभन्दा व्यवस्था महत्वपूर्ण भएकाले सत्ताका लागि भन्दा व्यवस्थाका लागि बढी चिन्ता गर्नुपर्नेमा जोड दिए। राष्ट्रको नेतृत्व गर्ने पार्टी चाहिएको भन्दै वरिष्ठ नेता पौडेलले कांग्रेसलाई जनताको भरोसाको पार्टी बनाउन आवश्यक रहेकोमा जोड दिए । कांग्रेसले जे बोल्छ त्यसो बोल्दा जनतामा भ्रम पर्न नहुने उनको भनाइ थियो । "कांग्रेसलाई व्यक्ति पूजा गर्ने प्रवृत्तिबाट पनि बचाउनु छ, कांग्रेसलाई जनताको भरोसाको केन्द्र बनाउनु पर्नेछ," पौडेलले भने।

## सुदूरपश्चिम प्रदेश उच्च कोरोना भाइरसको जोखिममा

**रासस**
**रासस, २९ चैत**

मास्क नलगाई हिँड्ने, एकापसमा भौतिक दूरी कायम नगर्ने जस्ता स्वास्थ्य सुरक्षाका मापदण्ड नअपनाउँदा सुदूरपश्चिम प्रदेशमा कोरोनाको उच्च जोखिम देखिएको छ।

सीमा नाकामा सर्वसाधारणको आवागमन गर्दा अपनाउनु पर्ने स्वास्थ्यसम्बन्धी सचेतना समेत नअनाउँदा कोरोना भाइरस सङ्क्रमणको जोखिम बढेको हो । पछिल्ला दिनमा प्रदेशमा यो रोगको सङ्क्रमण दर बढ्दै गएको छ।

स्वास्थ्य निर्देशनालय दीपायलको तथ्याङ्कअनुसार पछिल्लो तीन हप्तामा १२७ जनामा सङ्क्रमणको पुष्टि भएको छ। भारतमा यो रोगको सङ्क्रमण र मृत्यु हुने दर बढेसँगै भारतसँग सीमा जोडिएको सुदूरपश्चिम प्रदेशमा पनि कोरोना भाइरसको जोखिम बढेको हो। जिल्ला प्रशासन कार्यालयले मास्क अनिवार्य रुपमा लगाउन, भीडभाड नगर्न र मास्क लगाएर मात्र भौतिक दूरी कायम गर्दै बाहिर निस्कन आग्रह गरेको भएपनि मास्क लगाउने र भौतिक दूरी कायम राख्नमा अधिकांशबाट लापरवाही हुने गरेको छ। रोग फैलिन नदिन सरकारले २५ जना भन्दा बढी भेला नहुन आग्रह गरे पनि सभा, सम्मेलन, बैठकजस्ता गतिविधि रोकिएका छैनन्। प्रदेशका सीमा नाका हुँदै भित्रिने नागरिकको नाकामै एन्टिजेन परीक्षणको काम भइरहेको छ। हालसम्म पाँच हजार ७१ जनाको एन्टिजेन परीक्षण गरिएकामा १४० जनाको नतिजा 'पोजेटिभ' आएको जनाइएको छ। शनिबार मात्रै प्रदेशको गड्डाचौकी, गौरीफन्टा, जुलाघाट र पुलघाट (दार्चुला) सीमा नाका हुँदै एक हजार ९९१ जना नेपाल भित्रिएकामध्ये शङ्कास्पद ६९९ को एन्टिजेन परीक्षण गर्दा ६२ जनामा सङ्क्रमण देखिएको छ । कुनै पनि व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भए नभएको जानकारी एन्टिजेन परीक्षणबाट पत्ता लाग्ने गर्छ । एन्टिजेनविधि कोरोना परीक्षण गर्ने पिसिआर विधि जस्तै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## महतगौडामा गोली प्रहार गर्ने व्यक्ति पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

पोखराको महतगौडामा गत माघ २३ गते बेलुका ९:०० बजे गोली प्रहार गर्ने एक व्यक्ति गाली सहित पक्राउ परेका छन्।

पर्वत मोदी गा.पा.८ चित्रेका २७ बर्षीय मनोज बि.क.लाई गोली प्रहार गर्ने बारा बरियापुर ४ स्थित पिपराबृताका ४५ बर्षीय राजकिशोर पाण्डेलाई कास्की प्रहरीले पक्राउ गरेको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलन जानकारी गराएको हो। पोखराको पामेमा बस्दै आएका घाइते मनोज बिकलाई पेटमा गोली हानी फरार भएका पाण्डेलाई कास्की प्रहरीले पोखराको सिमपानीबाट गोली सहित पक्राउ गरेसंगै आइतार नै सार्वजनीक समेत गरेको छ।

पाण्डेको साथबाट प्रहरीले तीन थान गोली पक्राउ गरेको छ भने उनले कस्तो पेस्तोल प्रयोग गरेको र उनले प्रयोग गरेको पेष्तोल खोजी कार्य भई रहेको कास्कीका प्रहरी प्रमुख जीवन कुमार श्रेष्ठले बताए।

प्रहरीले पाण्डेको साथबाट ७.६५ एम.एम.को तीन थान गोली सहित पर्स र मोवाइल बरामद गरेको एस.पी. श्रेष्ठले बताए । पाण्डेलाई ज्यान मार्ने मुद्धा र हातहतियार सम्बन्धि मुद्धा चलाइएको प्रहरीले जनाएको छ।

वाइरिङ सम्बन्धि काम गर्दै आएका घाइते बि.क.को गण्डकी मेडिकल कलेजमा उपचार पश्चात हाल आफ्नै निवासमा आराम गर्दै बसेको एस.पी. श्रेष्ठले जनाए। पाण्डेले भने मेटल सम्बन्धि काम गर्दै आएको प्रहरीले जनाएको छ। कुनै घरमा वाइरिङ र मेटलको काम गर्दा पाण्डे र बि.क.बिच भनाभन समेत हुने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। पाण्डेले बि.क.लाई गोली हानुको कारण भने हालसम्म पत्त लगाउन नसकिएको प्रहरीले जनाएको छ।

## पोखरा र सिक्लेसमा वालिकालाई जबरजस्ती करणी गरेको आरोपमा युवाहरु पक्राउ

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

पोखरामा वालिकालाई जबर जस्ती करणी गरेको आरोपमा एक युवा पक्राउ परेका छन्। धादिङ निलकण्ठ नगरपालिका वडा नं.९ घर भई हाल पोखरा महानगरपालिका वडा नं.४ गणेशटोल बस्ने २३ बर्षका ईश्वर श्रेष्ठ १५ बर्षकी बालिका करणी गरेको आरोपमा पक्राउ परेको कास्की प्रहरीले जनाएको छ।

नावालिकालाई घरमा कोही नभएको अवस्थामा डरत्रास, धम्की दिई जबरजस्ती करणी उद्योग गरेको भन्ने जाहेरीको आधारमा श्रेष्ठलाई शनिबार पक्राउ गरिएको कास्कीका प्रहरी नायव उपरिक्षक डि.एस.पि.सुवास हमालले बताए । कास्की जिल्ला अदालतबाट श्रेष्ठलाई दश दीन म्याद थप गरी अनुमति लिई अनुसन्धान प्रकृया अगाडी बढाईएको उनले जनाए।

यसैबिच, १८ बर्षकी बालिका माथि करणीको आरोपमा कास्कीको मादी गाउँपालिका १ का २९ बर्षीय गम बहादुर परियार पक्राउ परेकाछन् । धारामा पानी भर्न जाने क्रममा डर, धाकभम्की दिई जबरजस्ती करणी गरी भागेको भने सूचनाको आधारमा चैत २५ गते पक्राउ गरी जबरजस्ती करणी समबन्धी कसुरमा थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

परियारलाई कास्की जिल्ला अदालतबाट ८ दिनको म्याद थप अनुमति लिई अनुसन्धान प्रकृया अघि बढाईएको डि.एस.पी. हमालले बताए।

## गण्डकी प्रदेशको समृद्धिमा खेलकुदले पनि सहयोग गर्ने वत्ताको दाबी

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

गण्डकी प्रदेशको आर्थिक विकास र समृद्धिमा खेलकुदले समेत सहयोग गर्ने भएको एक कार्यक्रमका वत्तहरुले बताएका छन्।



गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय र गण्डकी प्रदेश खेलकुद परिषदको संयुक्त आयोजनामा शनिबार पोखरामा भएको छलफल कार्यक्रममा वत्ताहरुले प्रदेशको आर्थिक विकास र समृद्धिमा खेलकुदले समेत सहयोग गर्ने दाबी गरेका हुन्।

विकास र शान्तिको लागि अन्तर्राष्ट्रिय खेल दीवसको सन्दर्भमा आयोजित छलफल कार्यक्रममा वोल्दै गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रदेशको समृद्धिको एउटा आधार खेलकुद पनि भएकोले यसलाई समेत प्रदेश सरकारले प्रथामिक दिएको बताए। खेलकुदले कुनै जात धर्म र कुनै विभेद नगर्ने हुँदा समान अधिकारीको लागि खेलकुद समाजमा आवश्यक भएको उनको भनाई थियो ।

प्रदेशको निती तथा योजना आयोगका उपाध्यक्ष डा. गिरीधारी शर्मा पौडेलले प्रदेशको आर्थिक विकासमा पर्यटन, उद्योग, कृषि जस्तै खेलकुद पनि एक भएको दाबी गरे । सहारा एकेडेमीका बालक कमल सुमइ मगरले खेलकुदको कारण आज आफुहरु प्रतिष्ठित संस्था सहारा क्लवले संचालन गरेको एकेडेमीमा आबद्ध भई फुटवल सहित अध्ययन गर्न पाएको दाबी गरे ।

प्रदेशका सामाजिक विकास मन्त्री नरदेवि पुनको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा त्रिभुवन विश्व बिद्यालयका विश्वकल्याण पराजुली, हिसान कास्कीका अध्यक्ष डा. रामजी प्रसाद शर्मा, ओलम्पियन डा. स्नेहा राना, नेपाल ओलम्पिक कमिटिका साइकोलोजी कमिटिका चेयर इन्द्र गुरुङ, मन्त्रालयका सचिव विनोद कुंवर लगायतले खेलकुद र विकासको बारेमा चर्चा गरेका थिए।

अन्तराष्ट्रिय खेल दीवस अप्रिल ६ तारिखमा पर्छ यस दीवसलाई सप्ताह व्यापी रुपमा विभिन्न कार्यक्रम हुदै आएको गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले बताए। खेलकुदले विश्वमा शान्ति र विकास गर्नमा महत्वपूर्ण भुमिका खेल्ने भएको उनले जनाए ।

कार्यक्रममा ३५ खेल भन्दा बढी खेलसंघका प्रतिनिधि, मन्त्रालयका पदाधिकारी सहितका सरोकारवाला निकायको सहभागिता रहेको परिषदले जनाएको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# नीतिगत रुपबाट नै पर्यटन क्षेत्रको सम्बोधन हुनुपर्छ - रिजाल

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष चन्द्रप्रसाद रिजालले पर्यटन क्षेत्रमा देखिएका समस्याहरु सुल्झाउन सरकारले नीतिगत रुपबाटनै सम्बोधन गर्नुपर्ने बताउनु भएको छ।

पोखरा पर्यटन परिषद्ले पोखरामा आयोजना गरेको शुभकामना आदान प्रदान एवम् क्यालेण्डर विमोचन कार्यक्रममा रिजालले २०७७ साल विश्वनै महामारीको चपेटामा परेको यसको प्रत्यक्ष असर पर्यटन क्षेत्रमा देखिएको जनाउँदै पर्यटनलाई स्थायीत्व दिन सरकारले आगामी बजेटबाट नीतिगत रुपमा सम्बोधन गर्नुपर्ने धारणा राख्नुभएको हो । आर्थिक समृद्धिको आधार पर्यटन क्षेत्र भएपनि यसका अनगिन्ति सम्भावनाहरुको अध्ययन हुन नसक्दा र यस क्षेत्रका समस्याहरुको सम्बोधन हुन नसक्दा व्यवसायीहरु व्यवसायबाट पलायन हुन सक्ने अवस्था सृजना भएको उहाँको भनाइ थियो । रिजालले पर्यटन व्यवसायको विकासका लागि आफूले सरकार र व्यवसायीका लागि पुलको काम गरेर अघि बढ्ने र पर्यटन मैत्री नीतिका लागि पहल गर्ने बताउनुभयो । पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसिले पर्यटन व्यवसायीको गुनासालाई सम्बोधन गर्दै पर्यटन मैत्री पूर्वाधार निर्माणका लागि महानगर तयार रहेको बताउनुभयो। उहाँले कोभिड १९ को असरलाई न्यूनिकरण गर्दै पोखराको पर्यटन उकास्न व्यवसायीसँग सहकार्य र समन्वय गरेर जाने बताउनुभयो। कोभिड १९ कारण देखिएको समस्याबाट विचलित



नहुन आग्रह गर्दै जिसीले पर्यटनलाई ब्राण्ड बनाएर लैजान सके सुस्ताएको पर्यटनले गति लिने विश्वास व्यक्त गर्नुभयो। उहाँले कोभिडका कारण तीन महिनामा पर्यटन क्षेत्रले ७ अर्ब गुमाउनु परेको उल्लेख गर्दै आर्थिक समृद्धिमा पर्यटनको महत्व रहेकाले यस क्षेत्रको प्रवर्द्धन आवश्यक रहेको औल्याउनुभयो । गण्डकी प्रदेश सभा सदस्य राजीव पहारीले पोखराको पर्यटन विकासमा नीजि क्षेत्रको भूमिका उल्लेखनीय रहेको जनाउँदै तीनै तहका सरकारबाट पर्यटनलाई केन्द्रबिन्दुमा राखेर काम गर्न सके आर्थिक समृद्धि हासिल हुने बताउनुभयो। उहाँले फेवातालको समस्या समाधान उन्मुख रहेको र रत्नमन्दिर सर्वसाधारणको लागि खुला गर्नुपर्छ भन्नेमा दुइमत नभएपनि कार्यान्वयनमा देखिएको ढिला सुस्ति प्रति असन्तुष्टि व्यक्त गर्नुभयो । परिषदका अध्यक्ष गोपीबहादुर भटराईले २०७७ पर्यटन क्षेत्रले ठूलो क्षति भोग्नु परेको स्मरण गर्दै नयाँ वर्ष २०७८ लाई सफल बनाउन सरकारले रणनीतिक योजना सहित पर्यटन क्षेत्रलाई प्राथमिकता राख्नुपर्ने बताउनुभयो। उहाँले पर्यटनमा एकता र सामुहिक भावनाको खाँचो औल्याउँदै पोखराको पर्यटनलाई अन्तराष्ट्रिय जगतसम्म पुर्‍याउन विविधता बीचको एकता आवश्यक रहेको बताउनुभयो । सरकारले ल्याएका नीति समयमा कार्यान्वयन हुन नहुँदा व्यवसायी थप पीडित हुँदै गएको उहाँको भनाइ थियो।

सो कार्यक्रममा पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष टिकाराम सापकोटा, नेपाल पर्यटन बोर्डका गण्डकीका अध्यक्ष काशीराज भण्डारी, रेष्टुरेण्ट एण्ड बार एशोसियशनका पोखराका अध्यक्ष लक्ष्मण बराल लगायतले नयाँ वर्षको शुभकामना आदान प्रदानसँगै कोभिड १९ ले पर्यटन क्षेत्रमा पारेको असरको बारेमा आफ्नो धारणा राख्नुभएको थियो।

विभिन्न पर्यटकीय संघ संस्थाका प्रमुख एवम प्रतिनिधिहरुको उपस्थिती रहेको सो कार्यक्रममा परिषदले तयार गरेको नयाँवर्षको क्यालेण्डर विमोचन गरिएको थियो। सो कार्यक्रम पश्चात पोखरा पर्यटन व्यवसायी र बोर्ड उपाध्यक्ष रिजाल बीच समसामयिक पर्यटनका विषयमा अन्तरक्रिया कार्यक्रम पनि सम्पन्न गरिएको परिषदका महासचिव रामचन्द्र शर्माले जानकारी दिनुभयो।

# यु-१९ दुईदिवसीय सिरिज, कास्की हरियाको १५९ रनको अग्रता

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

यु-१९ दुईदिवसीय क्रिकेट अन्तर्गत आईतबार कास्की हरियोले कास्की निलोमीथि १५९ रनको अग्रता लिएको छ ।

हरियोले आफनो दोस्रो इनिङ शुरु गर्दै अग्रता लिदाँ आफनो ७ विकेट गुमाईसकेको छ। १६६ रनमा आफनो पहिलो इनिङ टुग्याएको हरियोले दोस्रो इनिङ शुरु गर्दै १ सय १० रन बनाउँदा ७ विकेट गुमाईसकेको छ।

हरियोले पहिलो इनिङ्मा १६६ रन बनाउने क्रममा विपिन शाहीले अर्धशतकीय पारी खेले । उनले सर्वाधिक ६१ रनको योगदान गरे। सुवास भण्डारीको नाममा ४२ रन स्कोरबोर्डमा चढ्यो । निलोका बलर



निशान कुँवरले ३ विकेट लिदै टिम हरियोमाथि दबाव सृजना गरेका थिए। सबै विकेट गुमाएपछि निलोले आफनो पहिलो इनिङ शुरु गरेको थियो ।

टस हारेर निलोले क्षेत्ररक्षण गर्न पुगेको थियो। निलोले आफनो पहिलो इनिङ्मा भने ११७ रनमै समेटियो । सबै विकेट गुमाएपछि पहिलो इनिङ्मै कास्की निलो ४९ रनले पछि परेको थियो । निलोको लागि पुजन पौडेलले २१, मुष्कान थापाले १९ र सोहेल कुँवरले १८ रन बनाए। हरियोका कप्तान सुवास भण्डारीले ६ विकेट लिएपछि निलो सस्तैमा अलआउट हुन पुग्यो ।

४९ रनले अग्रता लिएको कास्की हरियोले दोस्रो इनिङ खेल्ने क्रममा ७ विकेट गुमाई ११० रनमा खेलिरहेको छ । सोमबार कास्की हरियोले आफनो पारी समाप्तीको घोषणा गरेपछि कास्की निलोले दोस्रो इनिङ शुरु गर्ने छ। हरियोका विदुर पुनले ४१ रन बनाउँदा आउट हुन पुगे । कास्की निलोका मुष्कान थापा, कुमार राना र भानुभक्त श्रेष्ठले दुई दुई विकेट लिएका छन्।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित दुई दिवसीय क्रिकेट सिरिज बैशाख १ गते टुंगिने छ। पोखरा क्रिकेट एकेडेमीको मुख्य प्रायोजन रहेको प्रतियोगिता पोखरा रंगशालामा जारी छ । प्रतियोगिताको व्यवस्थापन कास्की क्रिकेट क्लबले गरेको छ।

दुई दिवसीय क्रिकेटको लागि पोखरा क्रिकेट एकेडेमीले गण्डकी प्रदेशबाट खेलाडी छनोट गरी तीन टिम तयार गरेको हो। च्याम्पियनले ट्रफी प्राप्त गर्ने छ।

## सुदूरपश्चिम....

मानिन्छ। कुन भाइरस हो भन्ने पत्ता लगाउन भने एन्टिजेन परीक्षण गर्दा नतिजा पोजेटिभ आउने व्यक्तिको पुनः पिसिआर पद्दतिबाट परीक्षण गर्नुपर्ने स्वास्थ्य निर्देशनालयका निर्देशक डा गुणराज अवस्थी बताउछन् । एन्टिजेन विधिबाट परीक्षण गर्दा स्वाब लिएको १० देखि २० मिनेटमा नै नतिजा आउने जनाइएको छ। प्रदेशका नेपाल-भारत सीमा क्षेत्रमा स्थापना गरिएका हेल्थ डेस्कमार्फत् शङ्कास्पद व्यक्तिको एन्टिजेन गरेर मात्र प्रवेश गर्न दिइएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । सीमा नाकाबाट भित्रिनेलाई दश दिन अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्न सल्लाह दिने गरिएको मन्त्रालयको स्वास्थ्य महाशाखाका प्रमुख नरेन्द्रसिंह कार्कीले बताए।

# कुलिनरी प्रतियोगितामा 'मुलबेरी' बिजेता

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

कुलिनरी आर्टस् सम्बन्धिपोखरामाभएको प्रतियोगितामा 'मुलबेरी इन्स्टिच्यूट अफ हस्पिटालिटी' बिजेता बनेको छ।

सेफहरुको साझा संस्था होटल तालिमप्रदायक संघ नेपालले पहिलोपटक पोखरामा यस्तो खाले प्रतियोगिता गरेको हो । प्रतियोगितामा पोखरामा रहेर कुलिनरी र कुकिङ सम्बन्धि तालिम दिईरहेका ६ वटा ट्रेनिङ सेन्टरहरुले संस्थागत रुपमा सहभागिता जनाएका थिए । प्रतियोगितामा राइनो होटल ट्रेनिङ सेन्टर दोस्रो र हिमालयन कलेज अफ हस्पिटालिटी म्यानेजमेन्टले तेस्रो प्रतियोगीको रुपमा पुरस्कृत भए । विजेता टोली मुलवेरीका




तर्फबाट अंकित पंगेनी, राइनोका तर्फबाट सुवास गिरी र हिमालयनका तर्फबाट अञ्जु थापा प्रतियोगितामा सहभागी थिए । प्रतियोगिताको प्रमुख निर्णायकमा बीबीसी मास्टर सेफ उपविजेता सन्तोष साह र सहायक निर्णायकमा होटल संघका अध्यक्ष लक्ष्मण बराल रहेका थिए।

कार्यक्रमका लागि मान्दव्य ट्रेड कन्सर्न र नेपाल पर्यटन बोर्डले सहयोग गरेको आयोजक संस्थाका अध्यक्ष ज्ञानबहादुर रानाले जानकारी दिए।

अध्यक्ष रानाका अनुसार सेफ फेडेरेशन नेपाल गण्डकी च्याप्टर र ग्लोवल नेपाली सेफ फेडेरेशनसमेत कार्यक्रममा जोडिएको थियो। दक्ष जनशक्ति उत्पादनमा टेवा पुर्याउने उद्देश्य सहित प्रतियोगिता आयोजना भएको आयोजकले बताएको छ।

# स्याङ्जा एमालेमा समानान्तर कमिटी गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

नेकपा एमाले माधव-झलनाथ पक्षले स्याङ्जामा समानान्तर कमिटी गठन गरेको छ। तर, नेकपा एमाले माधव नेपाल समुह स्याङ्जाले भने नेकपा एमाले पुर्नगठन गरेको जनाएको छ।

जिल्ला सदरमुकाममा आयोजित जिल्ला स्तरीय भेलाले रामचन्द्र भट्टराईको अध्यक्षतामा १ सय ७५ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ। कमिटीको उपाध्यक्षमा शर्मिला पौडेल, सचिवमा भुपराज अधिकारी र उप-सचिवत्रयमा खड्कराज सुवेदी, सन्तोष के.सी. र टिकाराम नेपालीलाई चयन गरिएको हो।



यसैगरी, भेलाले ज्येष्ठ सल्लाहकार सदस्यमा लोकराज शर्मा र निलकण्ठ शर्मा वाग्ले, ज्येष्ठ कम्यूनिष्ट मञ्चमा शेखर प्रधान र नारायण गिरीलाई जिम्मेवारी दिएको छ। जिल्लाका ११ वटै स्थानीयतहमा युवा संघ र अनेरास्ववीयू समिति गठन गरेको छ। युवा संघ जिल्ला अध्यक्षमा सन्तोष सापकोटा र सचिवमा मिलन भण्डारी र अनेरास्ववियू स्याङजाको अध्यक्षमा सन्तोप वस्ती र सचिवमा शिव भट्टराईलाई चयन गरिएको अध्यक्ष भट्टराइले जानकारी दिनुभयो।

सर्वोच्च अदालतको निर्देशन कार्यान्वयन गर्नुका साथै पार्टीलाई मजबुत बनाई गाउँगाउँमा संगठन विस्तार गर्ने अभियान अघि बढाएको भट्टराईले जानकारी दिए। भेलामा सम्बोधन गर्दै नेकपा एमाले केन्द्रिय सदस्य एवं जिल्ला इन्चार्ज चुडामणी जंगलीले प्रधानमन्त्री केपी ओलीका कारण पार्टीमा बिभाजन आएको बताउदै पार्टी सुदुढीकरणका लागी नेकपा एमालेले पुर्नगठन भएको बताए।

# तउवासङ्घ एकाइमा भूपाल निर्वाचित

**पोखरापत्र संवाददाता**
**दमौली, २९ चैत**

तनहुँ उद्योग वाणिज्य सङ्घ दमौली बजार एकाइको अध्यक्षमा भूपाल आले निर्वाचित हुनुभएको छ । आइतबार बिहान सम्पन्न मतगणनाअनुसार आले एकाइ अध्यक्षमा निर्वाचित हुनुभएको हो । नयाँ नेतृत्व चयनका लागि शनिबार दिउँसो मतदान भएको थियो । एक हजार ८५ मध्ये ८३५ ले मतदानमा सहभागिता जनाएका थिए।

आले २७२ मत प्राप्त गरी अध्यक्षमा निर्वाचित हुनुभएको निवर्तमान अध्यक्ष राजकुमार श्रेष्ठ (राकु) ले जानकारी दिनुभयो । अध्यक्षका प्रतिस्पर्धी सुकनारायण मल्लले २२८, दधिराज घिमिरेले २०९ र विन्दु श्रेष्ठले १०३ मत प्राप्त गर्नुभएको छ।

यसैगरी एकाइ उपाध्यक्षमा राजेश मल्ल निर्वाचित हुनुभएको छ । उहाँले ५४१ मत प्राप्त गर्दा प्रतिस्पर्धी विजयराज पौडेलले १९५ मत प्राप्त गर्नुभएको छ । एकाइ कोषाध्यक्षमा किनकुमार श्रेष्ठ निर्वाचित हुनुभएको छ । उहाँले २५८ मत प्राप्त गर्नुभयो । प्रतिस्पर्धी भरतकुमार श्रेष्ठले २३९, अन्जु दाहालले २०५ र हर्षमान श्रेष्ठले ८६ मत प्राप्त गर्नुभयो । जिल्ला प्रतिनिधिमा महेश मल्ल ६०९, रमेश श्रेष्ठ ५४४, एकप्रसाद श्रेष्ठ ५४९, किशोर श्रेष्ठ ५३६ र प्रकाशचन्द्र हड्खले ५२६ मत प्राप्त गरी विजयी हुनुभएको छ।

एकाइ सदस्यमा भरत पराजुली (४९४), विष्णुकुमार श्रेष्ठ (५२८), ब्रजेश शाह (५५९), दिलबहादुर दरै (६०५), दीपक राई (४४८), कमल गिरी (५३३), लालप्रसाद प्रधान (५१५), महमद सलिम मियाँ (६०८), नारायण मल्ल (५८१), प्रकाश श्रेष्ठ (५६९), राजेन्द्र श्रेष्ठ (५१९), राजकुमार श्रेष्ठ (५२९), सुनिल श्रेष्ठ (५७६) र युवराज भण्डारी (४९०) मत प्राप्त गरी विजयी हुनुभएको छ।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# पोखरालाई चिनाएको सहारा

पोखरामा व्यवस्थित फूटबल प्रतियोगिता आयोजना गर्ने सहारा क्लब देश भरिका क्लब मध्ये उत्कृष्टमा गनिन्छ। काठमाडौं बाहिरको व्यवस्थित फुटबल प्रतियोगिता आयोजना गर्ने र सबैलाई समेटेर लैजाने गरेको छ सहाराले। पोखरामा हुने प्रतियोगिता हेर्न र सहयोग गर्न विदेशमा बसेका नेपाली तयार हुनु सहाराले आर्जन गरेको पुँजी हो। अखिल नेपाल फुटबल संघले निश्चित मिति नतोकिदिँदा विदेशबाट आउनेलाई समस्या परेको छ। सहाराले २० औं संस्करणको आहा रारा गोल्डकप भव्य र सभ्य रुपमा सम्पन्न गर्नु ठुलो सफलता हो।

क्याराभान गोल्ड कप सहित २० औं संस्करणको फुटवल प्रतियोगिता पोखरामा सम्पन्न हुँदा पहिलो पटक आहा रारा गोल्ड कपको उपाधि हात पारेको काठमाडौंको संकटा क्लवले इतिहास रचेको छ। पाहुना टोली अफ्रिकन रुट एशोसियसन, डाउला क्यामरुनलाई टाईब्रेकरमा ४–२ को गोल अन्तरले पराजित गर्दै आहा रारामा इतिहास रच्न सफल भएको छ। यस अघि ५ पटक सहभागि भएको संकटाले सेमिफाइनल भन्दा माथिको यात्रा तय गर्न सकेको थिएन्। पोखरा रंगशालामा शनिबार भएको फाइनल खेलमा टाईब्रेकरको सहायताबाट संकटाले पाहुना टोली अफ्रिकन रुटलाई पराजित गर्दै आहा रारामा नयाँ इतिहास रच्दै उपाधिको साथमा नगद १० लाख १ हजार सहित मेडल प्रमाण पत्र प्राप्त गरेको छ। करिब १० हजार दर्शक माझ भएको खेलमा संकटाले ९० मिनेटको निर्धारित समयमा दुबै तर्फ एक/एक गोलले बराबरी ३० मिनेटको अतिरित्त समयमा समेत दुबै तर्फ गोल नभए पछि खेल निर्णायकको लागि टाईब्रेकरमा पुगेको थियो। उपविजेता भएको पाहुना टोली अफ्रिकन रुटले भने ट्रफीको साथमा नगद ५ लाख १ हजार पुरस्कार प्राप्त गरेको छ।

प्रतियोगितामा संकटाका गोलरक्षक राजाबाबु थापा उत्कृष्ट खेलाडी घोषित भएका छन्। फाइनल खेलमा म्यान अफ दी म्याच र प्रतियोगितामा उत्कृष्ट गोलरक्षको उपाधि समेत आफ्नो पोल्टामा पार्न सफल भएका थापाले उत्कृष्ट खेलाडीको उपाधिको साथमा एक थान स्कुटर समेत प्राप्त गरेका छन्। प्रतियोगितामा उत्कृष्ट मिड फिल्डरमा अफ्रिकन रुटका रिम, उत्कृष्ट स्टाइकरमा अफ्रिकन रुटका बसिक, उत्कृष्ट डिफेण्डरमा संकटाका निरज बस्नेत र उत्कृष्ट प्रशिक्षकमा अफ्रिकन रुटका प्रशिक्षक स्यालवियो घोषित भए। उनीहरुलाई अवार्डको साथमा जनही नगद २५ हजार गरे। प्रतियोगितामा सर्वाधिक गोलकर्ता तर्फ चार जनाले उपाधि सहित २५ हजार रुपैया बाडेका छन्। सर्वाधिक खेलाडीको रुपमा अफ्रिकनका बसेक र मौसा, नेपाल पुलिस क्लबका बुद्द बल तामाङ र संकटाका ग्लोरीले प्राप्त गरे। ८ प्रतियोगिहरु मध्य अनुशासित टोली भने विभागिय टोली नेपाल पुलिस क्लबले प्राप्त गर्यो। ७ दिन संचालन भएको प्रतियोगितामा पहुना टोली अफ्रिकन रुट एशोसियसन सहित ८ टिमको सहभागिता रहेको थियो। विगत भन्दा यस पटक व्यवस्थित रुपमा खेल हेर्ने र खेलाडीका लागि खेल मैदान पनि त्यही अनुपातमा हुनु पोखराको लागि गौरवको कुरा हो। बेलायत र हङकङ लगायतका विभिन्न देशमा बस्ने नेपालीहरुले ति देशमा सहाराको समिति नै गठन गर्नु यसको महत्व बढाउने काम हो। सबैको साथ र समर्थन पाएको प्रतियोगितालाई पोखराको उत्सवको रुपमा अघि बढाउन खेल सम्वद्ध संस्था र गण्डकी प्रदेश सरकारले आफ्नो कार्यक्रमभित्र पार्न आवश्यक छ।

# सशस्त्र प्रहरीको सहयोगमा डढेलो नियन्त्रण

पोखरापत्र संवाददाता
तनहुँ, २९ चैत

तनहुँको भानु नगरपालिका-४ स्थित आहालडाँडा सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणमा लिइएको छ।

सशस्त्र प्रहरी बल २३ नं मनकामना गणबाट खटिएको सशस्त्र प्रहरीको सहयोगमा वनमा लागेको डढेलो नियन्त्रणमा लिइएको हो। प्रहरीले स्थानीयवासीसँग सहकार्य गरेर वनमा लागेको डढेलो नियन्त्रणमा लिएको हो। डढेलो नियन्त्रणका लागि गणका प्रहरी निरीक्षक तुलसीराम केसीको नेतृत्वमा ३७ प्रहरी खटिएको प्रहरी उपरीक्षक सञ्जय भट्टराईले जानकारी दिनुभयो। हिउँदयाम शुरु भएसँगै जिल्लाका विभिन्न सामुदायिक वनमा डढेलो लाग्ने क्रम बढेको छ। डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालय तनहुँले स्थानीयस्तरमै पुगेर सचेतनामूलक कार्यक्रम अगाडि बढाएको छ। चैत-वैशाखयाममा वन जङ्गलमा अत्यधिक डढेलो लाग्ने समय भएकाले कार्यालयले डढेलो नियन्त्रण तथा रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको डिभिजन प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लाका विभिन्न ठाउँमा डढेलो नियन्त्रणका लागि शीघ्र उत्तरदायी टिमसमेत गठन गरिएको छ। "यो समय भने जङ्गलमा डढेलो लाग्ने समय हो, डढेलो लागिहाल्यो भने तत्कालै नियन्त्रण र रोकथामका लागि विभिन्न सामुदायिक वनमा उत्तरदायी टिम गठन गरेका छौँ", उहाँले भन्नुभयो, "डढेलो लागेको थाहा पाउनेबित्तिकै उक्त टिमले नियन्त्रणका लागि काम गर्छ।" वन डढेलो नियन्त्रण वन कार्यालयले मात्रै गर्न नसक्ने भएकाले सरोकारवालाको पनि यसमा उत्तिकै भूमिका आवश्यक रहेको काफ्लेले बताउनुभयो। "डढेलो नियन्त्रणका लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासङ्घलगायतलाई आग्रह गरेका छौँ", उहाँले भन्नुभयो, "सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ।"

जिल्लामा रहेका आठवटा सबडिभिजन वन कार्यालयले आ-आफ्नो क्षेत्रमा वन डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गरिरहेका छन्। जिल्लाको ८२ हजार ५४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ। जिल्लाका १० स्थानीय तहमा ६१६ सामुदायिक वन, ४८५ कबुलियती वन र छ धार्मिक वन रहेका छन्।

# आहा रारा गोल्डकप महापण्डित विजेता सापकोटालाई टेलिभिजन

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत



यस वर्षको आहा रारा गोल्डकप महापण्डितको विजेता पोखरा १३ का छत्र प्रसाद सापकोटा भएका छन्।

चैत २८ गते सम्पन्न साहारा क्लब पोखराले आयोजना गरेको संकटाक्लब र अफ्रिकन रुट्स एशोसियसन डाउला क्यामरुन बिचको फाइनल खेल कस्ले जित्लाभन्ने प्रशनमा अनुमानित सही उत्तर दिने मध्येबाट लक्की ड्र मार्फत सापकोटा छनोटमा परेकाहुन्। उनलाई रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जको पोखरा कल ईन कार्यक्रममा रेडियोका अध्यक्ष विश्वशंकर पालिखेले ३२ इन्चको एलईडी टेलिभिजनप्रदान गरे।

टेलिभिजन डिजिटल साउण्ड एण्डभिजन न्युरोड पोखराले उपलब्ध गराएको थियो। टेलिभिजनसँगै विजेता सापकोटाले हिमश्री फुड्स प्रालीको तर्फबाट एक कार्टुन रारा चाउचाउप्राप्त गरेकाछन्। उनलाई हिमश्री फुड्सका सेल्स अफिसर बमबहादुर बरालले चाउचाउ प्रदान गरे। आहा रारा गोल्डकप महापण्डित हुनपाउँदा खुशीलागेको विजेता सापकोटाले बताए। रेडियोले हरेक वर्ष आहा रारा गोल्डकप महापण्डितको आयोजना गरी खेलको क्षेत्रमा समेत टेवापुर्याउँदै आएको साहारा क्लब पोखराका उपाध्यक्ष हरिराम गुरुङ "सुरज"ले बताए। १९ औं संस्करणको आहा रारा गोल्डकपका कार्यक्रम संयोजक समेत रहेका गुरुङले कोरोना महामारीका समयमा पनि आहा रारा गोल्डकप सफल पार्न आ–आफ्नो तर्फबाट सहयोग गर्ने संघसंस्था तथा दर्शकहरुलाई धन्यवाद दिएकाछन्। रेडियोका अध्यक्ष विश्वशंकर पालिखेले साहारा क्लब पोखरासँग रेडियोको सम्बन्ध हिजो पनि प्रगाढ रहेको र आज पनि उस्तै भएको बताए। भोलीका दिनमा समेत खेलको क्षेत्रमा रेडियोले प्रचारप्रसारमा टेवा पुर्याउने प्रतिबद्धता उनको छ।

हिमश्री फुड्सका सेल्स अफिसर बमबहादुर बरालले पोखरामा फुटबलको फिवर बढाउन रेडियोले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए। सोहीअवसरमाआफु र आबद्धभएको संस्थाजोडिनपाउँदाखुशीलागेको उनलेबताए।रेडियोकास्टेशनम्यानेजर सन्जय कुमार मल्लले आहा रारा गोल्डकप महापण्डित कार्यक्रमलाई भोलीका दिनमा अझै प्रभावकारी बनाउँदै लगिने बताए। सामाजिक दायित्व अर्न्तगत खेलकुदका माध्यमबाट पोखराको पर्यटन क्षेत्रलाई माथिउठाउन रेडियो सदैव लाग्ने प्रतिबद्धता उनको छ।

चैत २१ गतेबाट २८ गते सम्म आयोजित आहा रारा गोल्डकपको हरेक दिनभएको खेलको विजेताका विषयमा रेडियोले प्रश्न गर्दै आएको थियो। उक्तप्रशनबाट विजेता बनेका विजयीलाई रेडियोले सेभेन बीफोन जोन विशाल बजारको तर्फबाट एक थान मोबाइल प्रदान गरेको थियो। कार्यक्रममा रेडियोका वरिष्ठ प्रस्तोता आर्जुबिष्ट सल्यानी, प्रस्तोता सन्तोष बस्याल, मार्केटिङ म्यानेजरद्वय नारायण पौडेल र निराजन पौडेल लगायतको उपस्थिति रहेको थियो।

# आगलागी पीडितलाई गण्डकी प्रदेश सरकारद्वारा राहत वितरण

पोखरापत्र संवाददाता
पर्वत, २९ चैत

पर्वतको पैंयु गाउँपालिका-६ सरौंखोलास्थित डाँडाकाहुँका आगलागी पीडितलाई राहत वितरण गरिएको छ।

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले शनिबार प्रदेश सरकारकोतर्फबाट तत्कालका लागि आगलागीमा परी घर, गोठ जल्नुका साथै पशुचौपाया परेका स्थानीय बासिन्दालाई प्रतिघर रु १० हजारका साथै अस्थायी बासस्थानका लागि पाल, त्रिपालसहितका सामग्री वितरण गर्नुभएको हो।

मन्त्री लम्सालले गर्मी बढिरहेको तथा हुरी, बतास चल्न शुरु भएको यस समयमा विगत केही दिनदेखि प्रदेशका केही वनजङ्गलमा डढेलो तीव्ररुपमा फैलिएकाले सजग हुन आग्रह गर्नुभयो। खडेरीको मौसममा वन डढेलो लागि बस्तीमा आगो फैलिन पुगी जनधनको क्षति हुनुका साथै वन पैदावार, वन्यजन्तु तथा पक्षीसमेतलाई हानिनोक्सानी पुऱ्याई समग्र वातावरणमा नकारात्मक असर पर्ने भन्दै सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ वरिपरिको वन क्षेत्रलाई वन डढेलोबाट जोगाई वन संरक्षणतर्फ अग्रसर हुन स्थानीयवासीलाई अनुरोधसमेत गर्नुभयो। उहाँले आफ्नो घर वरिपरि तथा वनजङ्गलमा आगलागी हुन नदिन स्थानीयवासी नै चनाखो हुनुपर्नेमा जोड दिनुभयो।

शुक्रबार दिउँसो साढे २ बजे जङ्गलमा लागेको डढेलो डाँडाकाहुँको बस्तीमा पस्दा पाँच घर र १५ गोठ जलेर पूर्ण क्षति पुगेको थियो। स्थानीय शेरबहादुर गौतम, नमप्रसाद सापकोटा, रेशमलाल गौतम, रेशमलाल सापकोटा र जयकला सापकोटाका घर जलेका हुन्। स्थानीय खड्कप्रसाद गौतम, एकनारायण गौतम, चोलाकान्त सापकोटा, छविलाल गौतम, उमेश गौतमको घरमासमेत आगलागीले क्षति पुऱ्याएको छ। पन्ध्र गोठ जलेको र भैँसी, गोरु र बाख्रासमेत मरेको प्रहरीले जनाएको छ। घरमा भएका महत्वपूर्ण कागजात, पैसा, लत्ताकपडा, खाद्यान्नलगायत सामग्री जलेर नष्ट भएको छ।

यसअघि स्थानीय पैंयु गाउँपालिकाले जनही रु १० हजार, खाद्यान्न, लत्ताकपडा र त्रिपालसमेत वितरण गरेको प्रमुख प्रशासकीय अधिकृत केशव लामिछानेले जानकारी दिनुभयो। आगलागीबाट पाँच घर पूर्ण विस्थापित हुनुका साथै अन्य पाँच घरमा आंशिक क्षति पुगेको उहाँको भनाइ छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : मन चञ्चल |
| वृष | : शत्रुको भय | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : आर्थिक समस्या | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : शारिरीक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## घर जग्गा खरिद बिक्री

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५

**बडा मजाको आयुर्वेदिक**

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुन: उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।


सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

## कोठाहरू तथा फ्ल्याट भाडामा

अफिस तथा निवास प्रयोजनको लागि उपयुक्त फ्ल्याट र कोठाहरू भाडामा छ।
स्थान:
भैरव टोल- २, पोखरा
सम्पर्क: ९८८०३०१२९३
९८८०३०१२९२

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म:
वि. स. १९९५/04/03 गते

स्वर्गारोहण:
वि.स. २०७७/१२/१८ गते

**स्व: मोहन जंग खत्री**

यस कास्की समाज क्यानाडाका अध्यक्ष **रमेश बहादुर खत्री** का पुजनीय पिता एवं सदस्य चन्द्र ढुंगना खत्रीका ससुरा बुबा पोखरा-२० भलाम निवासी **मोहन जंग खत्री** को ८२ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्त मर्माहत भएका छौं। यस दु:खद घडीमा दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**कास्की समाज क्यानाडा परिवार**

# तनहुँका असहाय तीन परिवारलाई घर हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, २९ चैत**

जिल्लाको बन्दीपुर गाउँपालिकाको सहकार्य तथा कर्मफ् लाइट्सको भूकम्परहित घरबास निर्माण परियोजनाको आर्थिक सहयोगमा बन्दीपुर-२ का तीन घरपरिवारलाई घर हस्तान्तरण गरिएको छ।

गरिब तथा असहाय परिवारलाई घर निर्माण गरी परियोजनाको तर्फबाट प्रेमबहादुर कुँवर, कृष्ण पाण्डे र गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले संयुक्तरूपमा घरको चाबी हस्तान्तरण गर्नुभएको हो । स्थानीय मनमाया भुजेल, मङ्गल विक र गोरे विकका परिवारलाई घर हस्तान्तरण गरिएको वडाध्यक्ष कृष्णप्रसाद लामिछानेले जानकारी दिनुभयो । भुजेलको ऐलानी र विकद्वयको जग्गाधनी प्रमाणपत्र भएको जग्गा व्यवस्था गरी परियोजनाको सहयोगमा घर निर्माण गरिएको उहाँले बताउनुभयो। सोही वडास्थित बगैंचाभित्र बसोबास गर्दै आएका विकका दुई घरपरिवारलाई बगैंचाबाट बाहिर बस्नका लागि विसं २०७२ मा ब्लकमा परेको जग्गाको पुर्जा वितरण गरिएको उहाँले जानकारी दिनुभयो।

बगैंचाको संरक्षण गर्नुपर्छ भनेर बगैंचाभित्र रहेका घरलाई बाहिर बस्नका लागि पुर्जा दिलाएको स्थानमा घर निर्माण गरिएको हो । उहाँले भन्नुभयो, "उक्त पुर्जा भएको स्थानमा विकका दुई घर र भुजेलको ऐलानी जग्गामा घर निर्माण गरिएको हो ।" विगत लामो समयदेखि भुजेल परिवार सोही स्थानमा बस्दै आएकाले सोही स्थानलाई कायम गरी घर निर्माण गरिदिएको गाउँपालिकाले जनाएको छ । दशैंअघि घर निर्माण थालिए पनि काम गर्ने जनशक्ति अभावमा ढिलाइ हुन गएको गाउँपालिकाका अध्यक्ष थापाले जानकारी दिनुभयो। तीनवटै घरपरिवारलाई करिब चार आनाका दरले जग्गा उपलब्ध गराइएको उहाँले बताउनुभयो । पक्की घर पाएपछि असहाय गरिब परिवार मक्ख छन्। उहाँले भन्नुभयो, "हावाहुरी आउँदा र पानी पर्दाको समयमा सुरक्षित भएर बस्न पाउने भएपछि खुशी भएका छन्।"

# शोध तथा प्राज्ञिक लेखन कार्यशाला

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

पृथ्वीनारायण क्याम्पस नेपाली विभागको आयोजनामा शोध तथा प्राज्ञिक लेखन कार्यशाला गोष्ठी सम्पन्न भयो।

विभागीय प्रमुख प्रा.डा. कुसुमाकर न्यौपानेको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा सुदुर पश्चिम विश्वविद्यालयका उपकुलपति प्रा डा अम्मरराज जोशी प्रमुख अतिथि रहनुभएको थियो । विशिष्ट अतिथिमा क्याम्पस प्रमुख प्रा डा सरोज कोइराला र कार्यपत्र प्रस्तोता प्रा डा महादेव अवस्थी र प्रा डा ताराकान्त पाण्डेय रहनु भएको थियो। पृथ्वीनारायण क्याम्पसका नेपाली विषयका प्राध्यापकहरू सहभागी भएको उक्त कार्यक्रममा विषय केन्द्रित छलफल र कार्यशालाले अनुसन्धान सम्बन्धी ज्ञान अद्यावधिक गर्न महत्वपूर्ण रहेको सहभागी डा यमनाथ तिमिल्सिनाले बताउनु भयो।

३० जना सहभागी रहेको उकत कार्यक्रममा विभागीय गतिविधिको संक्षिप्त जानकारी गराउँदै विभागलाई भौतिक एवम् ज्ञान र सीपले सम्पन्न बनाउन लागिपरेको न्यौपानेले बताउनु भयो । कार्यक्रमको उद्घाटन र समापन सत्रको सञ्चालन क्रमशः यादवराज उपाध्याय र निर्मल सापकोटाले गरेका थिए।

# स्याङ्जामा करेन्ट लागेर एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २९ चैत**

स्याङ्जाको भिरकोट नगरपालिकामा करेन्ट लागेर एक पुरुषको मृत्यु भएको छ।

भिरकोट नगरपालिका वडा नं ७ हेलुस्थित आँधीखोलामा माछा मार्ने क्रममा सोही नगरपालिका वडा नं ७ लामाचौर बस्ने ३४ वर्षीय बिवेक खाँणको मृत्यु भएको प्रहरीले बताएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका अनुसार खाँणले आँधीखोलामा मेन लाईनबाट करेन्ट लगाई माछा मार्ने क्रममा करेन्ट लागेको र उनको प्राथमिक स्वास्थ्य केन्द्र वालिङमाउपचारको क्रममा मृत्यु भएको हो। घटनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

## शिक्षक आवश्यकता

माादी गाउँपालिकाको चं.नं. १८९८ मिति २०७७/१२/२५ को प्राप्त पत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०७७/१२/२६ को निर्णय अनुसार यस विद्यालयको मा.वि. तृतीय श्रेणी अंग्रेजी विषयको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तिको लागि २०७७/१२/२६ देखि २०७८/०१/०९ सम्म योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

**तहः** मा.वि. तह , तृतीय श्रेणी (करार) **संख्याः १ जना**
**विषयः अंग्रेजी** **योग्यता– न्यूनतम बी.एड. वा सो सरह**
**आवश्यक कागजातः**
- **नेपाली नागरिकताको प्रतिलिपि १ थान**
- **शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान**
- **स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान**

**दरखास्त दिने मितिः २०७७/१२/२६ देखि २०७८/०१/०९ गतेसम्म**
**निवेदन दस्तुरः रु १,५००।–**
**परीक्षाको किसिमः**
**लिखित, अन्तवार्ता र आवश्यक परेको खण्डमा कक्षा अवलोकन**
**निवेदन दिने स्थानः**
**श्री दुधपोखरी मा.वि. सोंधा (विहान १० बजेदेखि ४ बजेसम्म)**
**तलबः नेपाल सरकारको प्रचलित स्केल बमोजिम**
**परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ।**
**सम्पर्क मितिः २०७८/०१/०९**
**सम्पर्क नं.:** ९८४८११७९३४, ९८२४१३४६७०

**श्री दुधपोखरी माध्यमिक विद्यालय**
**मादी गाउँपालिका वडा नं. १, खिलाङ, सोंधा, कास्की**


## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र ब्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तालिमका विषयहरुः

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्कः

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP EUROPEAN UNION BRITISH COUNCIL


# घरबास प्रवर्द्धनमा महिला पर्यटन व्यवसायी

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**

आन्तरिक पर्यटकमार्फत ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित पोखराका महिला पर्यटन व्यवसायीले मोदी गाउँपालिका-१ झिल्ली बरेङमा पुगेर त्यहाँको प्राकृतिक र सांस्कृतिक पहिचानको विषयमा जानकारी लिएका छन्।

कोभिड-१९ पछि घरबास व्यवसायमा अवसर र चुनौती विषयक अन्तर्क्रिया कार्यक्रममार्फत व्यवसायी महिलाले सो ठाउँका बारेमा जानकारी लिएका हुन्। उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पौडेलले कोभिड-१९ का कारण सुस्ताएको पर्यटनलाई गति दिन ग्रामीण पर्यटनमा जोड दिएर प्रचारप्रसार गर्नुपर्ने बताउनुभयो।

कोभिड-१९ का कारण धेरै मानिसले शान्त र प्राकृतिकस्थलको खोजी गरेको बताउनुभयो । बरेङको घरबासमा महिला पर्यटन व्यवसायीको पहिलो आगमन भएको उहाँको भनाइ थियो । उहाँका अनुसार बरेङ अन्नपूर्ण हिमशृङ्खला, लालीगुराँस, भिरमौरीलगायत गुरुङ, मगर बस्तीको सांस्कृतिक पहिचान रहेको सुन्दर गाउँ हो । गाउँपालिकामा २० वटा घरबास भए पनि हाल १२ वटा सञ्चालनमा छन्। पोखराबाट १० किलोमिटरमा उक्त गाउँपालिको सिमाना जोडिएको छ।

मोदी-१ का वडाध्यक्ष गौप्रसाद गुरुङले प्राकृतिक सुन्दरतासँगै समुदायको आतिथ्यताले झिल्ली बरेङ आउने पाहुनालाई लोभ्याउने बताउनुभयो । उहाँले कोभिड-१९ का कारण आन्तरिक पर्यटकको आगमन कम हुँदै गएको बताउनुभयो। वडा सदस्य भुलबहादुर पौडेले गण्डकी प्रदेश सरकारले घरबास कार्यक्रमलाई प्राथमिकता दिएको जनाउँदै यसले ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्दै लगेको धारणा राख्नुभयो। उहाँले लेकसाइडका महिला पर्यटन व्यवसायीको उपस्थितिले यस क्षेत्रलाई थप चिनाउने विश्वाससमेत व्यक्त गर्नुभयो । उक्त घरबासका अध्यक्ष गर्बी गुरुङले पहिलो चरणमा महिला व्यवसायीलाई स्वागत गर्न पाउँदा खुशी लागेको बताउनुभयो । उहाँले प्रारम्भिक चरणमा रहेकाले आवश्यक सल्लाह, सुझाव दिनसमेत आग्रह गर्नुभयो । ओटेफका संस्थापक अध्यक्ष जमुना पराजुलीले कोभिड-१९ पछि आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको जनाउँदै यस्ता कार्यक्रमले ग्रामीण पर्यटनमा प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो। संस्थाका अध्यक्ष पार्वती पाण्डेले कोभिड-१९ चुनौतीका बीच पनि अवसरको खोजी गर्दै पर्यटकीय गन्तव्यको प्रचारप्रसारमा सबै जुट्नुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा संस्थाका सल्लाहकार दुर्गा ढकाल, देवका पहारी, पम्फा पहारी तथा कार्यक्रम संयोजक रीता रेग्मीलगायतका सहभागी सदस्यले अवसरसँगै देखिएका चुनौतीका विषयमा आ-आफ्नो अनुभव राख्नुभएको थियो।

कोभिड-१९ ले शान्त र प्राकृतिकस्थलको खोजी, साहसिक पदयात्राप्रति पर्यटकको रुचिले ग्रामीण पर्यटन प्रवर्द्धन हुँदै गएको उहाँहरूको भनाइ थियो । त्यसैगरी कोभिड बढ्दै गएको अवस्थामा स्वास्थ्य मापदण्ड पालना नहुँदा थप समस्या सिर्जना हुनसक्नेतर्फ पनि छलफल गरिएको थियो। नेपाल पर्यटन बोर्ड आन्तरिक पर्यटन पुनरुत्थान समिति गण्डकीको प्रवर्द्धनमा आयोजना गरिएको उक्त घरबास कार्यक्रममा संस्थाका कार्यसमितिलगायत २४ जनाको सहभागिता रहेको सचिव ममता न्यौपानेले जानकारी दिनुभयो।

## प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्याङ्जा
## गण्डकी प्रदेश, नेपाल

# सिलवन्दी दरभाउ पत्र आह्वान

**प्रथम पटक प्रकाशित मितिः २०७७/१२/३०**

यस कार्यालय अन्तर्गत सञ्चालित विभिन्न खानेपानी आयोजनाहरुको लागि एच.डि.पि. पाइप खरिद तथा ढुवानी कार्य ठेक्का पट्टाबाट गराउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त कम्पनी/सप्लायर्स/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउ पत्र आब्हान गरिएको छ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रु १०००(फिर्ता नहुने गरी) नगद दस्तुर वुझाइ इच्छुक दरभाउपत्र दाताहरुले लिखित निवेदनको साथमा इजाजत पत्र, मु.अ. कर दर्ता प्रमाण पत्र, अघिल्लो आर्थिक बर्षसम्म कर तिरेको करचुक्ता प्रमाणपत्र, एच.डि.पि. पाइपको गुणस्तर चिन्ह प्राप्त गरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न राखी यस कार्यालयमा पेश गरी दरभाउ पत्र खरिद गर्न सकिने छ। एच.डि.पि. पाइपको हकमा निर्माता कम्पनीहरु बाहेक अन्य इजाजत प्राप्त फर्म/सप्लायर्सहरुले निर्माता कम्पनीबाट बिक्रीको लागि हाल सालै एकलौटी रुपमा जारी गरिएको आधिकारीक पत्र (Manufacturer's Authorization Letter) को सक्कलै प्रति अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

२. नियमानुसार खरिद गरिएको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औ (सोह्रौं) दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ र पर्न आएको सिलबन्दी दरभाउ पत्रहरु सोही दिनको १:०० वजे यस कार्यालय र दरभाउपत्र दाताको प्रतिनिधीको रोहवरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधीको उपस्थित नभए पनि दरभाउपत्र खोल्न सकिने छ।

३. दरभाउपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा त्यसपछि कार्यालय खुले लगतै सोही समयमा खरीद गर्न र दाखिला गर्न सकिने छ। म्यादभित्र दर्ता नभएका र रीत नपुगेका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

४. दर्ता गर्न ल्याएको सिलबन्दी दरभाउपत्रको शिलवन्दी खाममा कामको विवरण कार्यालयको नाम दरभाउ पत्र दाता वा फर्मको नाम र ठेगाना स्पष्ट लेखिएको हुनुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्र साथ जमानत वापतको धरौटी रकम नेपाल बैक लिमिटेड, स्याङ्जा शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय (प्रदेश लेखाइकाई) स्याङ्जाको एकल धरौटी खाता नं.०७२०२०००००२००३०००००१ मा जम्मा गरेको सक्कल भौचर वा बाणिज्य बैकहरुबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र खोलिने दिनले कम्तीमा ७५दिनको म्यादभएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ। यस कार्यालयको कोड नं. ३३७०५४३०१४ र राजश्व कोड नं १४२२९ रहेको छ।

६. सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई आंशिक वा पूर्ण रुपले सिलबन्दी दरभाउपत्र स्विकृत वा अस्विकृत वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. माथि उल्लेख भए बाहेक अन्य कुराहरु सार्बजनिक खरिद ऐन २०६३ र नियमाबली २०६४ अनुसार हुने छ।

८. अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ।

**तपसिल**

| ठे. नं. | कामको बिबरण | ल. ई. (भ्याटवाहेक) रु | दरभाउपत्र जमानत बापत रु | दरभाउ पत्र दस्तुर | डेलिभरी स्थान |
|---|---|---|---|---|---|
| IFB/20/2077-78/Goods/WSSDO/Syangja | Procurement of HDPE Pipes PE100 with transportation For Different Sasarta Projects Of Syangja District | 1764400/- | 50000/- | 1000/- | WSSD Office, Syangja |
| IFB/21/2077-78/Goods/WSSDO/Syangja | Procurement of HDPE Pipes PE100 with transportation For Different Pradeshik Projects Of Syangja District | 1763075/- | 50000/- | 1000/- | WSSD Office, Syangja |
| IFB/22/2077-78/Goods/WSSDO/Syangja | Procurement of HDPE Pipes PE100 with transportation For Different Sasarta Projects Of Kaski District | 1761375/- | 50000/- | 1000/- | WSSD Unit Office, Pokhara |
| IFB/23/2077-78/Goods/WSSDO/Syangja | Procurement of HDPE Pipes PE100 with transportation For Different Pradeshik Projects Of Kaski District | 1762725/- | 50000/- | 1000/- | WSSD Unit Office, Pokhara |

**प्रेम प्रसाद डोटेल**
**डिभिजन प्रमुख**